# आकस्मिक कोष ऐन, २०१६

| लालमोहर सदर मिति | नेपाल राजपत्रमा प्रकाशित मिति |
|---|---|
| २०१६।८।२५ | २०१६।९।१ |

| संशोधन गर्ने ऐन | लालमोहर र प्रकाशन मिति |
|---|---|
| १. आकस्मिक कोष (पहिलो संशोधन) ऐन, २०५० | २०५०।९।५ |
| | प्रमाणीकरण र प्रकाशन मिति |
| २. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६◆ | २०६६।१०।७ |

२०१६ सालको ऐन नं. २१

✂................

आकस्मिक कोषको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः आकस्मिक कोषको नामले एउटा कोष स्थापना गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पाँचौ वर्षमा संसद्ले यो ऐन बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्ररम्भ** : (१) यस ऐनको नाम "आकस्मिक कोष ऐन, २०१६" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आकस्मिक कोषको स्थापना** : आकस्मिक कोषको नामले एउटा कोषको स्थापना गरिएकोछ ।

३. आकस्मिक कोषमा जम्मा गरिएको रकम : आकस्मिक कोषमा [µ]रु. २५,००,००० पच्चीस लाख सञ्चित कोषबाट झिकी जम्मा गरिएकोछ ।

[τ]३क. **आकस्मीक कोषको रकम वृद्धि गर्न सक्ने** : नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आकस्मिक कोषको रकममा आवश्यकतानुसार वृद्धि गर्न सक्नेछ ।

[τ]३ख. **आकस्मिक कोषको सञ्चालन** : (१) आकस्मिक कोषमा जम्मा गरिएको रकम दैवी प्रकोप जस्ता आकस्मिक काममा नेपाल सरकार (मन्त्रिपरिषद) को स्वीकृति लिई तोकिएबमोजिम खर्च गर्न सकिनेछ ।

---

◆ यो ऐन संवत् २०६५ साल जेठ १५ गते देखि लागू भएको ।

✂ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

µ पहिलो संशोधनद्वारा संशोधित ।

τ पहिलो संशोधनद्वारा थप ।

(२) उपदफा (१) बमोजिम आकस्मिक कोषबाट खर्च गरिएको रकम प्रत्येक आर्थिक वर्षको विनियोजित रकमबाट सोधभर्ना गर्नु पर्नेछ ।

४. **नियम बनाउने अधिकार** : यस ऐनको उद्देश्य पूर्ति गर्नको लागि नेपाल सरकारले नियम बनाउन सक्दछ ।

नेपाल कानून आयोग

[τ] पहिलो संशोधनद्धारा थप ।

**द्रष्टव्य** : केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ बमोजिम रूपान्तर भएका शब्दहरूः-

"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।